डेनभर
पब्लिक
स्कूल्स
अवसरको संसार पत्ता लगाउनुहोस™

डेनभर योजना २०२०

# हरेक बच्चा सफल हुन्छ









# परिचय

हरेक बच्चाले आफ्नो स्कूलको पहिलो दिनमा पहिलो कदम उत्सुकताका साथ ... र प्रतिभा, सम्भाव्यता र सपनाहरूसित चाल्दछ। यसै दिनमा उनीहरूका लागि उनीहरूको शिक्षाको माध्यमबाट संसारको ढोका खुल्दछ। ती ***हरेक*** बच्चा हुन्, ती जहाँ बसे पनि, तिनीहरूका आमाबाबुले जति पैसा कमाए पनि, उनीहरूको क्षमता र छालाको रङ जे भएता पनि। हरेक बच्चाले गुणस्तरीय शिक्षाको अधिकार राख्छ र हामी सबै महत्वपूर्ण भूमिका खेल्छौं : आफ्ना बच्चाको शिक्षामा परिवार संलग्न भएकाले; शिक्षा प्रदायकहरूले उच्च अपेक्षा राखेकाले र अत्युत्तम शिक्षण र सहयोग प्रदान गरेकाले, र सबैजना क्रियाशील रूपमा संलग्न हुनुका साथै हाम्रा बच्चाहरूको र शहरको भविष्यमा निवेश गरेकाले ।

हाम्रा बच्चाहरूका लागि अवसरहरूको विश्वको ढोका खोलीदिनु मात्र पर्याप्त हुँदैन । डेनभर पब्लिक स्कूलहरूमा यो हाम्रो साझा दृष्टि हो कि हरेक बच्चा सफल हुन्छ । बच्चाहरूले पढ्नका लागि जुन स्कूल छाने पनि, कले ज पेशा र जीवनमा सफल हुनका लागि, उनीहरूलाई स्याहार गरिएको, चुनौती प्रदान गरिएको, प्रोत्साहित गरि एको र सहयोग गरिएको हामीले सुनिश्चित गर्नुपर्दछ । प्रिस्कूलमा त्यो पहिलो सम्भाव्य कदम देखि ग्र्याजुएसनको दिनमा दिक्षान्त स्टेजदेखि बाहिर पहिलो आत्मविश्वासी कदमसम्म, हामी यहाँ उत्सुकताहरुलाई व्यवस्थित गर्न र सम्भाव्यता खोतल्न तमतयार छौं ।

डेनभर योजना २०२० ले कहाँ ध्यान दिने र सबैभन्दा राम्ररी, मानिसहरू, समय र पैसा कहाँ निवेश गर्ने भन्ने कुराको डिस्ट्रिक्टको निर्णय गर्ने कुराको मार्गदर्शन गर्दछ। योजनाले हरेक बच्चा सफल हुन्छ भन्ने मार्ग तिर प्रस्तुत गर्दछ ।

# हामीले के उपलब्धि गर्‍यौं

शिक्षा प्रदायकहरू, परिवारहरू र समुदायका सदस्यहरूले हरेक बच्चा सफल हुन्छ भन्ने दृष्टितिर यात्रा सुरु गरिसकेका छन् । डेनभर पब्लिक स्कूल्स (डिपिएस) ले पहिलोपल्ट डेनभर योजना २००६ मा र योजनालाई २०१० मा अद्यावधिक गर्‍यो । नतिजाहरू आसालाग्दा छन् । बितेका छ वर्षमा, डिपिएसले नाटकीय रूपमा प्रिस्कूल र किन्डरगार्टन अवसरहरू विस्तारित गर्‍यो, रेकर्ड भर्ना वृद्धि अभिलेख गर्‍यो, राज्यमा प्रमुख डिस्ट्रिक्टको विद्यार्थी प्रगतिको उच्चतम दर प्राप्त गर्‍यो, ग्र्याजुएसन दर २३ प्रतिशत अङ्कले वृद्धि गर्‍यो र स्कूल छाड्ने दर आधामा झार्‍यो ।

हाम्रो दृष्टि स्पष्ट र हाम्रो प्रगति निश्चित भए पनि, हाम्रा अगाडि लामो बाटो छ । हामी हाम्रा शिक्षा प्रदायकहरूको कठिन परिश्रम प्रति अनुगृहित छौं, जसले डिपिएसलाई देशमा सबैभन्दा छिटो विकसित भैरहेको शहरी डिस्ट्रिक्ट बन्ने तर्फ डोर्‍याएको छ । सँगसँगै, हाम्रा ठूला उपलब्धि रिक्तताहरू भरिइरहेका छैनन् र हरेक बच्चा सफल भैरहेको पनि छैन ।

बितेका कैयन् वर्षको गतिशीलतालाई पुनर्निर्माण गर्न, डिपिएसले सफल प्रमाणित भएका परिवर्तनहरूमा ध्यान केन्द्रीत गर्नेछ र नवनिर्माण र प्रगतिलाई अघि बढाउन निरन्तरता दिन नयाँ रणनीतिहरू अगाडि सार्नेछ । २०१४ को पहिलो भागमा, हामीले लगभग ३,००० सरोकारवालाहरूसँग कुरा गर्‍यौं विद्यार्थीहरू, अभिभावक र परिवारहरू, शिक्षकहरू, स्कूल नेतृत्वकर्ताहरू, समुदायका साझेदारहरू र अन्य स्कूल डिस्ट्रिक्ट कामदारहरू जसले हामीलाई महत्वपूर्ण रायसुझाव दिएका छन् । यस निवेशमा आधारित रहेर हामीले केही महत्वपूर्ण लक्ष्यहरू र प्रमुख रणनैतिक प्राथमिकताहरू स्थापना गरेका छौं । डिपिएसले हाम्रा बच्चाहरूले पूर्णतयार, सफल नागरिक रूपमा संलग्न वयस्क हुने मार्गमा प्रत्येक सम्भावित लाभ लिऊन् भनी सुनिश्चित गर्न मापदण्डलाई बढाईरहेको छ ।

## हामी केमा विश्वास गर्छौं

हाम्रा बाँडचुड गरिएका मूलभूत मूल्यहरू र हाम्रा मूलभूत मान्यताहरू नै डिपिएसमा हाम्रा सबै कार्यहरूको आधारशीला हुन् र हाम्रो संस्कृतिको संवाहक हुन् ।

हाम्रा बाँडचुड गरिएका मूलभूत मूल्यहरूले हामीलाई सँगै ल्याउँछन् र हामीलाई हाम्रो दृष्टि हरेक बच्चा सफल हुन्छ भन्ने लक्ष्यमा एक आपसमा कसरी अन्तरक्रिया गर्छौं भन्नेतिर डोऱ्याउँछन् । डिस्ट्रिक्टभरीबाट अगस्ट २०१२ मा १,००० भन्दा बढी मानिसहरूबाट निर्माण गरिएका, यी मूल्यहरूले हाम्रो साझा संस्कृति निर्धारण गर्दछन् र कसरी लक्ष्य प्राप्त गर्ने भन्ने हाम्रा निर्णयहरूलाई मार्गदर्शन गर्दछन् ।

## डिपिएस बाँडचुड गरिएका मूलभूत मूल्यहरू

**विद्यार्थीहरू पहिला :**

हामीले गर्ने सबै कुराहरूमा विद्यार्थीहरूको आवश्यकतालाई अगाडि राख्दछौं ।

**इमान्दारिता :**

हामी सत्य बोल्छौं र आफ्नो बचन पूरा गर्दछौं ।

**समानता :**

हामी हाम्रा विविधताहरूमा रमाइलो मान्दछौं र सफलताको लागि आइपर्ने बाधाहरू हटाउन र हाम्रै बच्चाहरूको न्यायसङ्गत भविष्यको लागि आवश्यक पर्ने स्रोत साधनहरू र सहयोग उपलब्ध गराउँदछौं ।

**सहकार्यता :**

टोलीको रूपमा हामी सँगसँगै सोच्दछौं, हामी काम गर्दछौं र आफ्ना लक्ष्यमा पुग्नका लागि हामी सिर्जना गर्दछौं ।

**जबाफदेहिता :**

आफ्नो व्यक्तिगत र सामूहिक र प्रतिबद्धताका लागि हामी जिम्मेवारी लिन्छौं, सफलताबाट हामी अगाडि बढ्छौं, असफलताबाट हामी सिक्दछौं ।

**रमाइलो :**

हामी आफ्नो काममा रमाइलो मनाउँदछौं र हाम्रो विद्यार्थीहरूको जीवनभरी रहिरहने पढाइका लागि आनन्द र उत्साह लिनका लागि प्रोत्साहित गर्दछौं ।



## हाम्रो दृष्टि : हरेक बच्चा सफल हुन्छ

### प्रत्येक छरछिमेकमा राम्रो स्कूलहरू



## विद्यार्थी जनसांखिकी







## जम्मा स्कूलहरूको संख्या : १८३




## हाम्रा मूलभूत मान्यताहरू

हाम्रा मूलभूत मान्यताहरूले हाम्रा बाँडचुड गरिएका मूलभूत मूल्यहरू निर्माण गर्छन् र हामी कसरी हाम्रा प्रयासहरू र स्रोतहरू प्राथिमिकिकरण गर्दछौं भन्ने तर्फ डोऱ्याउँछन् र हामी कसरी हाम्रो सफलता मापन गर्दछौं भन्ने कुरा निर्धारण गर्दछन् । हामी निश्चय गर्दछौं :

- **हरेक बच्चासँग प्रतिभा र सम्भाव्यता हुन्छ ।**
  प्रत्येक बच्चालाई रिगरस, सम्पूर्ण र सांस्कृतिक रूपमा सान्दर्भिक शिक्षामा चुनौती प्रदान गर्न र सहयोग गर्ने हामीमा भर पर्ने कुरा हो ।

- **हाम्रो विविधता एक समुदायिक सम्पत्ति हो र समानता हाम्रो लक्ष्यको चुरो हो ।**
  हामी त्यस्तो संस्कृति निर्माण गर्न प्रतिबद्ध छौं जसले प्रत्येक बच्चाको विशेष पहिचान र सम्भाव्यतालाई अँगाल्छ ।

- **हामी उपलब्धि रिक्ततातिर लैजाने अवसरहरुको रिक्तताहरूलाई बन्द गर्न सक्छौं र गर्छौं ।**
  हामीले सफलताका लागि स्कूल आधारित अवरोधहरू हटाउनु पर्दछ, सबैभन्दा बढी आवश्यकता भएका विद्यार्थीहरूलाई लक्षित गर्न, सहयोग गर्न र चुनौती प्रदान गर्न जबाफदेहितामा ध्यान केन्द्रीत गर्नुपर्ने र स्रोतहरूको छिटै निवेश गर्नुपर्ने ।

- **हामीले जेले काम गर्छ त्यसमा बढी निवेश गरेर र नवनिर्माण अँगालेर हामीले गरेको प्रगति नाटकीय रूपमा गतिशील बनाउनु पर्दछ ।**
  २१औं शताब्दीको शिक्षा प्रदान गरेर, हामी हाम्रा विद्यार्थीहरूलाई कलेज, पेशा र जीवनमा उन्नति गर्न तयार पारेर हाई स्कूलबाट ग्र्याजुएट गर्न शक्ति प्रदान गर्दछौं ।

- **हरेक परिवारलाई आफ्ना छरछिमेकमा उच्च स्तरीय स्कूलहरूको छनोट र पहुँचको अधिकार छ ।**
  हामी डिस्टिक्टभरी उत्कृष्ठ स्कूलहरू प्रदान गर्न प्रतिबद्ध छौं ।

- **हाम्रा बच्चाहरू सबैलाई हाम्रो आवश्यकता छ - शिक्षा प्रदायकहरू, परिवारहरू, समुदायका साझेदारहरू र कर्मचारी - र हामी सबै डिपिएस समूह हौं ।**
  हामीले हाम्रा परिवारहरूलाई सशक्तिकरण गर्नुपर्दछ र पारदर्शिता, अग्रसक्रिय सञ्चार र सुधारका लागि रणनीतिहरूमा एक हुनुपर्दछ ।

## हामी कता जाँदैछौं

सम्पूर्ण डेनभर समुदायलाई छलफल खुला गर्नाले हामीलाई सामुहिक रूपमा एउटा २०२० मा प्राप्त गर्नुपर्ने चारवटा सहयोगी लक्ष्यहरूसहित अति महत्वपूर्ण लक्ष्य पहिचान गर्न सहज भएको छ । यी पाँच लक्ष्यहरूद्वारा हामी हाम्रा विद्यार्थीहरूका लागि महत्वपूर्ण क्षेत्रहरूमा ध्यान केन्द्रीत गर्ने कुरा वृद्धि गर्नेछौं । यदि हामीले यी लक्ष्यहरू प्राप्त गर्‍यौं भने, अन्य सकारात्मक उपलब्धिहरूले पछ्याउनेछन् ।

## लक्ष्य १ प्रत्येक छरछिमेकमा राम्रो स्कूलहरू

विद्यार्थीहरू र परिवारहरूले त्यतिबेला मात्र उन्नति गर्छन् जतिबेला उनीहरूका लागि उच्चस्तरीय शिक्षा छनोटहरू हुन्छन् । डिपिएसले नाटकीय रूपमा *हरेक* छरछिमेकमा उपलब्छ स्कूलहरूको गुणस्तर वृद्धि गर्नेछ जसले गर्दा डिस्ट्रिक्टभरी *हरेक* समुदायमा *हरेक* विद्यार्थीलाई राम्रो स्कूलहरूमा पहुँच सुनिश्चित गर्न सकियोस् ।

२०२० सम्ममा ८० प्रतिशत डिपिएस विद्यार्थीहरूले उच्चसम्पादन स्कूलमा जान पाउनेछन्, जसलाई क्षेत्र अनुसार डिस्ट्रिक्टको स्कूल सम्पादन संरचना प्रयोग गरेर मापन गरिनेछ ।



**उच्च सम्पादन स्कूल जाने विद्यार्थीहरू**

| अहिले | | २०२० |
|---|---|---|
| **६१%** | → | **८०%** |

## लक्ष्य २ स्कूलमा सफलताका लागि आधारशीला

प्रारम्भिक बाल्यावस्था शिक्षाको तत्परताको लागि ध्यानले त्यस्तो आवश्यक आधारशीला निर्माण गर्दछ जसले विद्यार्थीको सम्पूर्ण शैक्षिक अनुभवको मार्गलाई निश्चित गर्दछ । तेस्रो ग्रेडमा आफ्नो ग्रेड तहमा पढ्ने र लेख्ने विद्यार्थीहरू दसौं ग्रेड तहमा पढाइ, लेखाइ र गणितमा आफ्नो ग्रेड तहमा वा सोभन्दा माथि हुने सम्भावना हुन्छ । त्यसैले डिपिएसले प्रिस्कूल देखि तेस्रो ग्रेडसम्म तत्परतामा ध्यान केन्द्रीत गर्दछ, जसमा अंग्रेजी मूलभाषा नभएका विद्यार्थीहरूलाई सबल सहयोग सामेल छ ।

२०२० सम्ममा, डिपिएसका तेस्रो ग्रेडवालाहरू पढाइ र लेखाइ, *Lectura* थ *Escritura** मा आफ्नो ग्रेड तहमा वा सोभन्दा माथि हुनेछन् ।

*कमन कोरतिर पारगमन हुँदा आधाररेखा परिवर्तन हुनसक्छन् र २०१५–१६ मा लक्ष्य पुनर्विचार हुनसक्छ ।



**तेस्रो ग्रेड**
**पढाइ र लेखाइमा प्रवीणता**

| अहिले | | २०२० |
|---|---|---|
| **६०%** | → | **८०%** |

**ग्याजुएसन दर**

| अहिले | | २०२० |
|---|---|---|
| **६८%** | → | **९०%** |

**कलेज र पेशाका लागि तयार हुन ग्याजुएसन गर्ने विद्यार्थीहरू**

| अहिले | | २०२० |
|---|---|---|
| **११००** | → | **२२००** |

**अफ्रिकन अमेरिकन र ल्याटिनो ग्याजुएसन दर**

| अहिले | | २०२० |
|---|---|---|
| **६४%** | → | **८९%** |

**अफ्रिकन अमेरिकन र ल्याटिनो तेस्रो ग्रेड लेखाइ र पढाइ प्रवीणता**

| अहिले | | २०२० |
|---|---|---|
| **५०%** | → | **७५%** |

## लक्ष्य ३ कलेज र पेशाका लागि तयार

सबै विद्यार्थीहरूलाई प्रेरित गरेर, चुनौती दिएर र सशक्तिकरण गरेर – ती विद्यार्थीहरू सहित जसका विशेष सिकाइ आवश्यकताहरू छन् र जसले उच्च उपलब्धि प्राप्त गरिसकेका छन् – तिनीहरूको आफ्नै भविष्य विकसित गर्नका लागि, हामी युवा व्यावसायिकहरूको अर्को पिढीलाई आत्मविश्वास, सामर्थ्य र स्वस्थ कार्य सदाचार प्रदान गर्दछौं। डिपिएसले नाटकीय रूपमा सफल कलेज र पेशा तयार ग्याजुएटहरूको संख्या वृद्धि गर्नेछ।

२०२० सम्ममा ग्रेड नौमा डिपिएसबाट शिक्षा सुरु गर्ने विद्यार्थीहरूका लागि चार वर्षे ग्याजुएसन दर ९०% मा बढ्नेछ।

२०२० सम्ममा, हामी कलेज र पेशाका लागि तयार ग्याजुएट हुने विद्यार्थीहरूको संख्या, राज्य स्तरको वृद्धि हुँदै गरेको कडाइद्वारा मापन गरिए अनुसार, दोब्बर बनाउँनेछौ।

## लक्ष्य ४ सम्पूर्ण बच्चालाई सहयोग

डिपिएस त्यस्तो व्यवस्थापन सिर्जना गर्न प्रतिबद्ध छ जसले सम्पूर्ण बच्चाको वृद्धिलाई प्रोत्साहित गर्दछ। हाम्रो स्कूल वातावरणले विद्यार्थीहरूलाई उनीहरूको जोशहरू र रुचिहरूलाई जारी राख्न, उनीहरूको शारीरिक स्वास्थ्यलाई सहयोग गर्न र सफल हुनका लागि आवश्यक सामाजिक/भावनात्मक सीपहरू सबल बनाउन प्रोत्साहित गर्दछ जसमा भावनाहरूको व्यवस्थापन, सकारात्मक सम्बन्धहरूको स्थापना र विकास र जिम्मेवारीपूर्ण निर्णय लिने कुरा सामेल छ।

२०१५ सम्ममा, डिपिएस कर्मचारी, समुदायका साझेदारहरू र सहरी एजेन्सीहरू सामेल भएको डिपिएस विद्यार्थीहरूलाई सेवा प्रदान गर्ने कार्य दल (टास्क फोर्स) ले शिक्षा बोर्डलाई यो लक्ष्य मापन गर्ने र प्रगति अनुगमन गर्ने योजना सिफारिस गर्नेछ।

## लक्ष्य ५ अवसरको रिक्ततालाई बन्द गर्ने

हाम्रा सबै विद्यार्थीहरूको त्यस्ता शैक्षिक अवसरहरूको पहुँचका अधिकारी छन् जसले उनीहरूलाई उच्चतम तहहरू प्राप्त गर्न अवसर प्रदान गर्दछन्। यसको अर्थ सबै विद्यार्थीहरूका लागि मापदण्ड उठाउनु हो, यो तथ्य स्वीकार गर्दै कि हाम्रा श्वेत विद्यार्थीहरू र हाम्रा अफ्रिकन अमेरिकी र ल्याटिनो विद्यार्थीहरूको सम्पादन बीच निरन्तर रिक्तता रही आएको छ। गरिबी कुनै कारक तत्व नहुँदै पनि, जात र हाम्रा विद्यार्थीहरूको रङमा देखिने उपलब्धि रिक्तता को मुद्दामाथि केही प्रकाश पार्नं महत्वपूर्ण हुन्छ भन्ने हामीलाई लाग्छ। यी कारणहरूले गर्दा, अवसर रिक्ततामा ध्यान दिने लक्ष्य स्थापन गर्दा हामी त्यसलाई महत्वपूर्ण ठान्छौं।

२०२० सम्ममा अफ्रिकन अमेरिकन र ल्याटिनो विद्यार्थीहरूको ग्राजुएसन दर २५ प्रतिशत अङ्कले बढ्नेछ।

तेस्रो–ग्रेडका अफ्रिकन अमेरिकन र ल्याटिनो विद्यार्थीहरूको पढाइ र लेखाइ प्रवीणता २५ प्रतिशत* अङ्कले बढ्नेछ।

*कमन कोरतिर पारगमन हुँदा आधाररेखा परिवर्तन हुनसक्छन् र २०१५–१६मा लक्ष्य पुनर्विचार हुनसक्छ।

# हामी कसरी त्यहाँ पुग्छौं

दृष्टिकोणलाई कामले मात्र कार्यरूप दिन सकिन्छ । हाम्रा रणनैतिक प्राथमिकताहरूले डिपिएसले कहाँ आफ्ना स्रोतहरूको ध्यान केन्द्रीत गर्छ र हाम्रो लक्ष्य प्राप्तिका लागि मार्गचित्र स्थापना गर्छ भन्ने कुरामा मार्ग निर्देशन गर्नेछन् । पाँचवटा रणनैतिक प्राथमिकताहरू हुन् :

**नेतृत्व :**

- डिपिएस भरी मूल्यआधारित नेतृत्वकर्ताहरू आकर्षित गर्ने, विकसित गर्ने र कायम राख्ने ।
- शिक्षक नेतृत्वकर्ताहरू विकसित र सशक्तिकरण गरेर स्कूलहरूमा उन्नत विस्तारित नेतृत्व संरचना तयार गर्ने ।
- आन्तरिक संवर्धन, स्कूल नेतृत्वकर्ता तयारी कार्यक्रम र ध्यान केन्द्रीत परामर्श सहित नेतृत्वका लागि सबल पाइपलाइन विकसित गर्ने ।
- आफ्ना विद्यार्थीहरूको सफलता र आफ्ना स्कूल समुदायहरूको विशेष आवश्यकतालाई पूरा गर्न स्कूल नेतृत्वकर्ताहरू तयार रहेको, उनीहरूलाई सहयोग प्राप्त रहेको र उनीहरू जबाफदेही रहेको सुनिश्चित गर्ने ।

**शिक्षण :**

- अंग्रेजी भाषा सिकारूहरूको आवश्यकताप्रति लक्षित ग्रेड तह विषयवस्तु स्तरको गहन कार्यान्वयन र शैक्षणिक रणनीतिहरूको उत्तम अभ्यासद्वारा कक्षाकोठा शिक्षणको गुणस्तर र कडाइ उल्लेखनीय ढङ्गले वृद्धि गर्ने ।
- सहयोग पद्धति सुधार गर्ने – रायसुझाव र कोचिङ लुपहरू, पाठ्यक्रम र प्रोफेसनल विकास सहित– र प्रगति अनुगमन औजारहरू र मूल्याङ्कनहरूमा सुधार गर्ने ।
- हाम्रा उच्च आवश्यकता रहेका स्कूलहरूमा शिक्षणका लागि प्रेरणा र सहयोग सहित हरेक डिपिएस स्कूलका लागि प्रभावकारी शिक्षकहरू भर्ना गर्ने, विकसित गर्ने र कायम राख्ने हाम्रा प्रयासहरूलाई सबलिकृत गर्ने ।
- प्रत्येक कक्षाकोठामा सांस्कृतिक रूपमा प्रतिक्रियात्मक शिक्षाका लागि सुविचारित रणनीतिहरू कार्यान्वयन गर्ने ।

**लचकता :**

- स्रोतहरूको प्रयोग सहित स्कूलहरूलाई लचकदार, स्कूल–आधारित निर्णय लिने प्रक्रिया सबलिकृत गर्ने ।
- भइरहेका स्कूलहरूका लागि विस्तारित सहयोगहरू, नयाँ स्कूल रणनीतिहरू, टर्नअराउन्ड प्रयाशहरू र सबल जबाफदेहिता पद्धतिहरूद्वारा सबै समुदायमा उच्च–स्तरीय स्कूल छनोट विस्तार गर्ने ।
- व्यक्तिकृत सिकाइ वातावरणहरूको विस्तार सहित, स्कूलहरूलाई आफ्ना विद्यार्थीहरूको शैक्षिक र सामाजिक/भावनात्मक आवश्यकताहरू राम्ररी पूरा गर्ने वातावरण नवनिर्माण गर्ने र सिर्जना गर्ने अवसरहरू प्रदान गर्ने ।

**प्रारम्भिक लगानि :**

- आफ्ना सबैभन्दा साना विद्यार्थीहरूलाई पछिको सफलताको लागि तयार गर्न प्रारम्भिक ग्रेडहरूमा(प्रिस्कूल–तेस्रो ग्रेड) स्रोतहरूको प्राथमिकता तोक्ने ।
- शैक्षिक सफलताका लागि आधारशीला निर्माण गर्न साना बच्चाहरू भएका परिवारहरूका लागि उच्च–स्तरीय सहयोग र सेवाहरू विस्तार गर्नका लागि सामुदायिक सङ्गठनहरूसित साझेदारी गर्ने ।

**संस्कृति :**

- हाम्रा बाँडचुड गरिएका मूलभूत मूल्यहरूका लागि बाचौं, रमाइलो गरौं र आफूलाई जबाफदेही बनाऔं ।
- हाम्रा सबै स्कूलहरूमा सकारात्मक र सबलिकृत संस्कृति निर्माण गरौं जसले परिवारहरू र समुदायहरूलाई अँगाल्न सकोस् ।
- डिपिएस सहयोग समारोह र डिपिएस साझेदारहरूभरीका स्कूलहरूका लागि सेवाको संस्कृति प्रबर्धन गरौं ।






## कार्यका लागि आह्वान

उच्च अपेक्षाहरूको वातावरणमा हुन पाउने हरेक बच्चाको अधिकार हो । यस योजनामा निर्धारित लक्ष्यहरू पूरा गर्नका लागि, हामीले हालका वर्षहरूमा सिकेका र प्राप्त गरेका सबै कुराहरूमा आधारित रहेर हामीले हाम्रो ध्यान व्यक्तितिर उठाउनु पर्छ  हाम्रा शिक्षकहरू र स्कूल नेतृत्वकर्ताहरूबाट सुरु गरेर विद्यार्थीहरू, परिवारहरू र समुदायका साझेदारहरूसम्म । प्रत्येक व्यक्ति मूल्यवान हुन् र हरेकले महत्वपूर्ण भूमिका खेल्नुपर्छ ।

- डिपिएसमा, यस योजनामा उल्लेखित लक्ष्यहरू र रणनीतिहरूप्रति हामी हामीलाई जबाफदेही ठान्छौं ।
- शिक्षकहरू, स्कूल नेतृत्वकर्ताहरू र कर्मचारी, हामी तपाईंहरूलाई हाम्रा विद्यार्थीहरूमा उच्च अपेक्षा राख्न र ती स्तरहरू आफ्नै व्यवहारमा तयार गर्न अनुरोध गर्दछौं ।
- अभिभावकहरू र परिवारहरू, हामी तपाइँहरूलाई आफ्ना घरमा उच्च मापदण्ड राख्न र आफ्नो बच्चालाई स्कूलमा सफल हुन आवश्यक सहयोग प्रदान गर्न अनुरोध गर्दछौं ।
- समुदायका साझेदारहरू, हामी तपाइँहरूलाई तपाइँहरूको बढी समय र प्रतिभा खर्च गर्न विचार गर्न अनुरोध गर्दछौं ।

सँगै हामी हाम्रो दृष्टि वास्तविक बनाउन सक्छौं - *हरेक बच्चा सफल हुन्छ*।



**डेनभर योजना धेरै जानाको अन्तरदृष्टिद्वारा बनेको हो – विशेष धन्यबाद :**

**बोर्ड**
ह्याप्पी हेयन्स
आरटुरो जिमेनेज
माइक जोनसन
बार्बारा ओ'ब्रायन
रोजम्यारी रोड्रिगेज
एन रो
ल्यान्ड्री टेलर

**वरिष्ट नेतृत्वकर्ता समूह**
टम बोसबर्ग
क्रिस्टिन कोलन
सुसना कोर्डोभा
इभान ड्युरान
भेरोनिका फिगोली
डेबी हर्टी
बिल लि–एस्ले
एलेक्स मार्टिनेज
ग्रेटा मार्टिनेज
सेन स्पाल्टेन
डेभिड सुप्पेस
माइकल भग
एलिस्सा ह्वाइटहेड–बस्ट

**डेनभर योजना सल्लाहकर समिति**
रोन्डा बेलेन
ब्रान्डन ब्लिउ
क्याट्रिना मान बोइकिन
फ्रयान्क कोयन
निकोलस डकिन्स
करेन फक्स एलवेल
क्रिस गिब्बन्स
जोजेट मार्टिनेज ग्रिफिन
ब्रुक जोनसन–ब्राउन
किम नस–डलन
जेनिफर मरिसन
लिन्डसे निल
भोने पोरास
निटा रेस्के
जाक रो
जुवानिटा स्टिभेनसन
एडाम भोलेक
चक वार्ड

**कर्मचारी**
निकोल ब्रुन्स क्यारी
डस्टिन क्रेस
जेनिफर स्टर्न

**डेनभर पब्लिक स्कूल्स एमिलि ग्रिफिथ क्याम्पस १८६० लिङ्कन स्ट्रिट डेनभर सिओ ८०२०३   ७२०-४२३-३२००   info@dpsk12.org   www.dpsk12.org**